सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश

(५)

076-RV-0224

विषयः पुनरावलोकनको अनुमति पाउँ।

नेपाल सरकार------------------------------------------------------------१ निबेदक/बादी

बिरुद्द

रेस्मा शाह--------------------------------------------------------------१ बिपक्षी /प्रतिबादी

मुद्दाः बैकिङ्ग कसुर (चेक अनादर)।

यसमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।३।२ मा भएको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिमको अवस्था विद्यमान रहेको नदेखिँदा पुनरावलोकनको अनुमति प्रदान गर्न मिलेन। कानून बमोजिम गर्नू।

न्यायाधीश | न्यायाधीश | न्यायाधीश

इति संवत् २०७७ साल बैशाख महिना ८ गते रोज २ शुभम् ..................................।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश डा. श्री आनन्द मोहन भट्टराई

फैसला

मुद्दा नं. ०७५-RB-०१४१

| | |
|---|---|
| जिल्ला कैलाली धनगढी उप-महानगरपालिका वडा नम्बर २ बस्ने ललिता कुमारी सिहको जाहेरीले नेपाल सरकार---------------------------------------------------१ | पुनरावेदक वादी |

विरुद्ध

| | |
|---|---|
| जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नम्वर २, मनिकापुर बस्ने पसल सिंहको छोरी रेश्मा शाह-------------------------------------------------१ | प्रत्यर्थी प्रतिवादी |

मुद्दाः बैंकिङ्ग कसुर (चेक अनादर)।

सुरु फैसला गर्ने अदालत M उच्च अदालत दिपालयल, महेन्द्रनगर इजलास
फैसला गर्ने न्यायाधीश M मा. न्या. श्री डिल्लीराज आचार्य
M मा. न्या. श्री नारायणप्रसाद श्रेष्ठ
फैसला मिति M २०७५।02।१६

न्याय प्रशासन ऐन, २०73 को दफा ९(१) वमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

1= प्रतिवादी रेश्मा शाहले व्यापार व्यवसायको लागि ऋण सापटी अनुरोध गरेकोमा निज बिपक्षीलाई १ (एक) महिनाको भाखा राखी मिति २०७३।११।२८ गते नगद रु.२२,००,०००।- (बाइस लाख) मबाट ऋण सापटी लिएको रकम फिर्ता गर्नुहोस् भनि भन्दा निजले आफ्नो नाउँको सिद्धार्थ वैङ्क टिकापुरको चेक काटिदिन्छु भनी मिति २०७३।१२।२८ गते मेरो श्रीमान जितवहादुर साउदको नाममा निजले आफ्नो खाता नम्बर ०११११५१७१७३७ को रु. २२,००,०००।- (वाइस लाख) को चेक दिएकोमा सो चेक लिई बैंकमा चेक साट्न जादा उल्लेखित खाता नम्वरमा पैसा छैन भनी बैंकले चेक फिर्ता गरिदिएको हुँदा निज प्रतिवादी रेश्मा शाहलाई कानून वमोजिम कारवाही गरी पाँउ भन्नेसमेत वेहोराको ललिता कुमारी सिहको जाहेरी दरखास्त ।

2= जाहेरवाला र म व्यापार व्यवसाय गर्ने भएकाले निजसंग मैले व्यापार गर्न रु. २२,००,०००।- लिएको हुँ । निजले मलाई दिएको रकम मध्ये रु.७,००,०००।- जाहेरवालालाई फिर्ता गरिसकेको रु.१५,००,०००। मात्र बाँकी रहेको हो । मबाट लगेको चेकमा आफैले मिति राखेर मेरो खातामा पर्याप्त रकम नै नभएको बैङ्क खातामा गई भुक्तानी लिन खोज्दा उक्त चेक अनादर भएको हो भन्नेसमेत वेहोराको प्रतिवादी रेश्मा शाहले अनुसन्धानको क्रममा गरेको बयान ।

3= प्रतिवादी रेश्मा शाहले जाहेरवालाबाट व्यागार व्यवसायको लागि लिएको रु. २२,००,०००।- (बाइस लाख) ऋण सापटीको रकम फिर्ता गर्नुहोस् भन्दा निजले आफ्नो नाउँको सिद्धार्थ बैङ्क टिकापुरको चेक काटिदिन्छु भनी मिति २०७३।१२।२८ गते जाहेरवालीको श्रीमान जित वहादुर साउदको नाममा खाता नम्बर ०१११५१७१७३७ को रु. २२,००,०००।- (वाइस लाख) को चेक दिएकोमा सो चेक बैंकमा साट्न जाँदा उल्लेखित खाता नम्बरमा पैसा छैन भनी बैंकले चेक फिर्ता गरिदिएको हुँदा जाहेरवालाले जाहेरी दिएको हो भन्नेसमेत वेहोराको सुवास सिह ठकुरी र भक्त बहादुर शाहीको मौकाको घटना विवरण कागज ।

4= प्रतिवादी उपर परेको जाहेरी दरखास्त, प्रतिवादीले जाहेरवालाबाट रकम लिएको स्वीकार गरी गरेको बयान तथा बुझिएका व्यक्तिहरुले गरी दिएको कागजसमेतका आधार प्रमाणहरुबाट प्रतिवादी रेश्मा शाहले जाहेरवालीसँग रु.२२,००,०००।- (बाइस लाख) ऋण सापटी लिएको, उक्त ऋण सापटी रकम मध्ये केही रकम वुझाएको भन्ने बयान वेहोरा भए पनि रकम फिर्ता बुझाएको कुनै कागज प्रमाण पेश नगरेको अवस्थामा रकम बुझाएको बाहेक बाँकी रहेको रकमको मात्र चेक दिनु पर्नेमा यी प्रतिवादीले जाहेरवालीलाई मिति २०७३।१२।२८ मा रु.२२,०००००।- (बाईस लाख) को चेक आफ्नो नाउमा रहेको बैंक खातामा रकम पर्याप्त नभएको भन्ने कुरा जान्दा जान्दै जाहेरवालालाई फिर्ता बुझाउने पर्ने ऋण सापटी वापतको रकम लिने खाने नियत एवं मनसाय राखी चेक काटी दिएको पुष्टि हुन आएको हुँदा, निज प्रतिवादीले बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिवादी रेश्मा शाहलाई सोही ऐनको दफा १५(१) बमोजिम बिगो रु.२२,००,०००।- (वाइस लाख) र ३(तीन) महिनासम्म कैद सजाय गरी जाहेरवालावाट लिएको बिगो रु.२२,००,०००।- (बाइस लाख) सोही ऐनको दफा १५ बमोजिम निज प्रतिवादी रेश्मा शाहवाट जाहेरवालालाई दिलाई भराई पाउँ भन्ने मागदाबी सहितको अभियोगपत्र ।

5= मैले पहिलो पटक रु. 7,00,000।- र दोस्रो बाँकी रकम रु. 15,00,000।- गरी निजलाई बुझाउनु पर्ने रकम रु.२२,००,०००।- बुझाई सकेको छु । विश्वासको लागी चेक दिएको हो । चेक फिर्ता माग्दा पछि ल्याउला भनी फिर्ता नगरी निजले पैसा बुझिलिई

भर्पाइसमेत गरी दिएकी हुन भन्नेसमेत वेहोराको प्रतिवादी रेश्मा शाहले अदालतमा गरेको बयान।

6= तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादी कसूरदार होइनन् भन्न सकिने मनासिव आधार नहुँदा पछि ठहरे बमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षका लागि मुलुकी ऐन अ.ब.११८ को देहाय ५/१० को अवस्था आकर्षित हुने भएकाले प्रतिवादीबाट रु. २२,०२,२५०।- नगद वा सो बराबरको जेथा जमानत वा बैङ्क ग्यारेन्टी दिए लिई मुद्दाको पुर्पक्षको लागि तारिखमा राख्नु दिन नसके कानून बमोजिम थुनामा राख्न कारागार कार्यालय कञ्चनपुरमा पठाइ दिनू र वादी प्रतिवादीका साक्षी बुझि नियमानुसार पेश गर्नु भन्नेसमेत वेहोराको उच्च अदालत दिपालयल, महेन्द्रनगर इजलासको मिति २०७५।१।२७ को आदेश ।

7= प्रतिवादीले जाहेरवालीलाई रु.७,00,000।- लाख रुपियाँ जाहेरी पर्नु भन्दा अगाडी र रु.१५,00,000।- जाहेरी परे पछि बुझाई सकेको छ भन्नेसमेत वेहोराको प्रतिवादीका साक्षी विरेन्द्र शाहले अदालतमा गरेको बकपत्र ।

8= प्रतिवादीले म जाहेरवालीलाई रु.७,00,000।- जाहेरी पर्नु भन्दा अगाडी र रु. १५,00,000।- जाहेरी परे पछि बुझाएको जम्मा रु.22,00,000।- सबै रकम पाई सकेको छु भन्नेसमेत वेहोराको जाहेरवाली ललिता कुमारी सिंहले अदालतमा गरेको बकपत्र ।

9= खातामा रकम नभएको जानीजानी चेक काटी प्रतिवादीले बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरित कार्य गरी कसूर गरेको देखिंदा प्रतिवादी रेश्मा शाहलाई सोही ऐनको दफा १५(१) बमोजिम एक महिना कैद सजाय हुने र प्रतिवादीबाट बिगो रु. २२,००,०००।(बाईस लाख) जाहेरवालाले प्राप्त गरी सकेको भन्ने अदालतमा उपस्थित भई बकपत्र गरेको र रकम प्राप्त गरेको भरपाईसमेत पेश गरेको देखिएकोले बिगो बाँकी नहुँदा प्रतिवादीलाइं बिगो बमोजिम जरिवाना र बिगो भराई दिनु नपर्ने ठहर गरी उच्च अदालत दिपालयल, महेन्द्रनगर इजलासवाट मिति २०७५।02।१६ मा भएको फैसला ।

10= प्रस्ततु मुद्दामा प्रतिवादी रेश्मा शाहलाई बैंकिङ्ग कसूर तथा सजाय ऐन,२०६४ को दफा १५(१) बमोजिम विगो, विगो वमोजिम जरिवान र ३ महिना कैद हुन भनी मागदावी लिइएकोमा प्रतिवादी रेश्मा शाहलाई जाहेरवालाले विगो प्राप्त गरीसकेको भन्ने ऐन बाहिरको आधारमा जरिवाना गर्नु नपर्ने र कैद सजायको हकमा १ महिना कैद हुने गरी भएको फैसला बैंकिङ्ग कसूर तथा सजाय ऐन,२०६४ (संशोधनसहित) विपरित हुँदा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म बदर गरी निज प्रतिवादीलाई सुरु मागदावी बमोजिम नै विगो कायम गरी सजायसमेत गरीपाउँ भनी वादी नेपाल सरकारको तर्फवाट यस अदालतमा दायर हुन आएको पुनरावेदन पत्र ।

## ठहर खण्ड

11= नियम बमोजिम पेसी सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरियो ।

12= वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान उपन्यायाधिवक्ता श्री महेशप्रसाद खत्रीले प्रतिवादी रेश्मा शाहलाई बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १५(१) बमोजिम विगो, विगो वमोजिम जरिवाना र ३ महिना कैद हुन अभियोग मागदावी लिइएकोमा जाहेरवालाले विगो प्राप्त गरीसकेको भन्ने आधारमा जरिवाना नगरी कैद सजायको हकमा १ महिना मात्र कैद हुने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म वदर गरी निज प्रतिवादीलाई सुरु मागदावीबमोजिम नै बिगो कायम गरी सजायसमेत गरीपाउँ भनि गर्नु भएको बहससमेत सुनियो।

13= उपरोक्तानुसारको तथ्यगत विषय र वहस जिकिरसमेत भएको प्रस्तुत मुद्दामा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला मिलेको छ, छैन? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

14= निर्णयतर्फ विचार गर्दा, प्रतिवादी रेश्मा शाहले बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिवादीलाई सोही ऐनको दफा १५(१) बमोजिम बिगो रु.२२,००,०००।- (बाइस लाख), बिगो बमोजिम जरिवाना र ३(तीन) महिनासम्म कैद सजाय गरी पाउँ भन्ने अभियोग मागदाबी भएकोमा उच्च अदालत दिपालयल, महेन्द्रनगर इजलासबाट प्रतिवादी रेश्मा शाहलाई सोही ऐनको दफा १५(१) बमोजिम एक महिना कैद सजाय हुने र प्रतिवादीबाट जाहेरवालाले विगो वमोजिमको रकम प्राप्त गरी सकेको देखिएकोले बिगो बाँकी नहुँदा प्रतिवादीलाई बिगो बमोजिम जरिवाना र बिगो भराई दिनु नपर्ने गरी भएको फैसलाउपर चित्त नबुझाई वादी नेपाल सरकारको यस अदालतमा पुनारवेदन परेको देखियो ।

15= प्रतिवादीले मिति 2073।12।२८ मा रु. २२,००,०००।- को चेक काटेको, विगो रु. बाइस लाख भएको उक्त चेकको रकम खातामा पर्याप्त मौजदात नभएको कारणबाट भुक्तानी नभई फिर्ता आएकोमा विवाद देखिएन । प्रतिवादी रेश्मा शाहले यी जाहेरवालीलाई रु.७,00,000।- जाहेरी पर्नु भन्दा अगाडी र बाँकी रकम जाहेरी परेपछि वुझाईसकेको छु भन्नेसमेत वेहोराको अनुसन्धानमा र अदालतमासमेत सोही वेहोराको बकपत्र गरेको देखियो।

16= प्रतिवादीबाट दावीको विगो रु.२२,००,०००। (वाइस लाख) पाइ सकेकीछु भनी यी जाहेरवाली ललिता कुमारी सिहले अदालतसमक्ष वकपत्र गरेको देखियो ।

17= जाहेरवाला ललिता कुमारी सिंहले पाउनु पर्ने केही रकम जाहेरी पर्नु अघि नै र बाँकी रकम पटक पटक गरी जम्मा रु. २२,००,०००।- बुझि पाईसकेको छु भनी मिति

२०७५।१।२६ मा यी जाहेरवालीले गरिदिएको लिखित भरपाईसमेत मिसिल संलग्न रेहको देखिन आयो ।

18= यसमा जाहेरी पर्नु अघि नै केही रकम प्रतिवादीले बुझाईसकेको भन्ने जाहेरवालीकै बकपत्रवाट र मिति 2075।1।26 को रकम बुझिलिई गरिदिएको लिखतबाट पटक पटक गरी जाहेरवालीले प्रतिवादीबाट सवै रकम बुझिसकेको भन्ने देखिएकोले विगो बमोजिमको रकम जाहेरवालीले प्राप्त गरी सकेकोले विगो भराई दिनु परेन साथै विगो बाँकी नरहेको अवस्थामा प्रतिवादीलाई बिगो बमोजिम जरिवाना गरिरहनु न्यायोचित नहुँदा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मनासिव देखिएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिर तर्कसंगत देखिन आएन ।

19= तरार्थ, माथि विवेचित आधार र कारण समेतबाट खातामा रकम नभएको जानी जानी चेक काटी प्रतिवादीले बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरितको कसूर गरेको देखिंदा यी प्रतिवादी रेश्मा शाहलाई सोही ऐनको दफा १५(१) बमोजिम एक महिना कैद सजाय हुने र प्रतिवादीबाट विगो रु. २२,००,०००।(बाईस लाख) जाहेरवालीले प्राप्त गरी सकेकी छु भनी अदालतमा गरेको बकपत्र साथै रकम प्राप्त भएको भरपाईसमेत पेश गरेको देखिएकोले विगो बाँकी नहुँदा प्रतिवादीलाई बिगो बमोजिम जरिवाना र बिगो भराई दिनु नपर्ने ठहर गरी उच्च अदालत दिपालयल, महेन्द्रनगर इजलासबाट मिति २०७५।02।१६ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु,

न्यायाधीश

इजलास अधिकृत: माधव भण्डारी
कम्प्यूटर अपरेटर: प्रेम थापा मगर
इति सम्वत् २०७६ साल असार महिना २ गते रोज २ शुभम् -----------------
-------